नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

सडक विभाग

हेभी इक्विप्मेन्ट डिभिजन, पोखरा

अनलाईन नागरिक बडापत्र हेर्नको लागि माथि QR मा Scan गर्नु होला।

नागरिक बडापत्र

क) कार्यालयले गर्ने मुख्य-मुख्य कामहरु:-

१. कार्यालय मातहतका मेसिन तथा सवारी साधनहरुको उचित मर्मत संभार एवम् सञ्चालन गर्ने।

२. सडक विभाग, यान्त्रिक महाशाखाको नीति निर्देशन परिधिभित्र रही संघीय सडक सुपरिवेक्षेण तथा अनुगमन कार्यालयको निर्देशनमा विभागीय काममा यान्त्रिक उपकरणहरु उपलब्ध गराउने।

३. चालु हालतका उपकरणहरू विभागीय काममा प्रयोग नभएको समयमा नियम अनुसार दस्तुर लिई व्यावसायिक संघ संस्थाका व्यक्तिलाई माग अनुसार उपलब्ध गराउने।

ख) मेसिन भाडामा लैजाने प्रकृया (क) ३ सँग सम्बन्धित:-

१. आफूले भाडामा लैजान चाहेको मेशिनहरु उपलब्ध हुन सक्छ वा सक्दैन त्यसबारे जानकारी लिन कार्यालयका मेकानिकल इन्जिनियरसँग सम्पर्क राख्ने।

२. यदि मेशिन उपलब्ध छ भने मे.ई. सँग सम्पर्क राखी निजबाट भाडा सम्बन्धी नियम तथा शर्तहरुको अधिनमा रही निवेदन लेखी कार्यालय प्रमुख समक्ष पेस गर्ने।

३. कार्यालय प्रमुखबाट तोक आदेश भएपछि उक्त मेशिन भाडामा लैजान अनुमानित के कति रकम लाग्ने हो सो को २५% (पच्चिस प्रतिशत) थप हुने गरी राष्ट्रिय वाणिज्य बैंक लि. पोखरा शाखामा, को.ले.नि.का., कास्कीको धरौटी खाता नं. ३०२०१००१०२०३०००० र यस डिभिजनको कार्यालय कोड नं. ३३७०१३९०२ मा रकम जम्मा गरी सो को सक्कलै बैंक भौचर पेस गरी सम्बन्धित काम गर्न तोकिएको कर्मचारीसँग सम्पर्क राखी सम्झौता पत्र बनाउने।

४. मेशिनको म्याद थप गर्नु परेमा पुनः क्र.सं. १ देखि ३ सम्माका सबै प्रकृयाहरु पुरा गर्नुपर्ने छ र म्याद समाप्त हुनु १ (एक) दिन अगावै बैंक समय भित्र यस कार्यालयको मे.ई. सँग सम्पर्क राखी आवश्यक रकम बैंकमा जम्मा गर्नु पर्ने छ।

५. काम समाप्त भइसकेपछि नियमानुसार भाडा कट्टा गरी बाँकी धरौटी फिर्ता लिनका लागि व्यहोरा खुलेको निवेदन सहित मे.ई. तथा आर्थिक प्रशासन शाखामा सम्पर्क गर्ने।

ग) **कार्यालयले उपलब्ध गराउने सेवाको विवरण:-**

सि. नं.	सेवा सुविधा	सेवाग्राही निकाय वा व्यक्ति	सेवा प्राप्तिको लागि आवश्यक पर्ने कागजपत्र/प्रकृया/शर्तहरु	सेवा प्राप्त गर्दा लाग्ने दस्तुर	सेवा प्राप्त गर्दा लाग्ने समय	जिम्मेवार शाखा/ कर्मचारी	उजुरी सुन्ने पदाधिकारी
१.	मेशिन नि:शुल्क उपलब्ध गराउने	सडक विभाग अन्तर्गत सडक डिभिजन तथा योजानहरु (अमानती कार्यका लागि मात्र)	कुन मेशिन, कुन कार्यमा, कति समयको लागि चाहिएको हो खुलाई संघीय सडक सुपरिवेक्षण, सडक तथा आयोजना कार्यालयबाट सिफारिस पत्र	नि:शुल्क	मेशिन तयारी हालतमा भए तुरुन्त उपलब्ध हुने	मे.ई. वा काम गर्न तोकिएको कर्मचारी	डिभिजन प्रमुख वा मे.ई.
२.	मेशिन भाडामा दिने	संघीय सडक सुपरिवेक्षेण तथा अनुगमन कार्यालयको क्षेत्र भित्रका ठेक्का पट्टा	क) सम्बन्धित स.डि. तथा सडक योजनाबाट कुन मेशिन कुन कामको लागि चाहिएको सो खुलाईएको सिफारिस पत्र पेस गर्नु पर्ने छ। ख) विभागीय अमानती काममा प्रयोग नभई खालि रहेको अवस्थामा मात्र दिइने छ	सडक विभागको स्वीकृत भाडा दर अनुसार	मेशिन तयारी हालतमा भए तुरुन्त उपलब्ध हुने	मे.ई. वा काम गर्न तोकिएको कर्मचारी	डिभिजन प्रमुख वा मे.ई.
३.	मेशिन भाडामा दिने	नेपाल सरकारका अन्य कार्यालय, संघसंस्था तथा व्यक्ति विशेष	विभागीय काममा बाधा नपर्ने गरी मेशिन खालि भएको अवस्थामा मात्र दिन सकिने	सडक विभागको स्वीकृत भाडा दर अनुसार	मेशिन तयारी हालतमा भए तुरुन्त उपलब्ध हुने	मे.ई. वा काम गर्न तोकिएको कर्मचारी	डिभिजन प्रमुख वा मे.ई.
४	हलुका, मध्यम, भारी सवारी साधन तथा यान्त्रिक उपकरण मर्मत	सडक विभाग मातहतका निकायहरु	सम्बन्धित कार्यालयलको सिफारिस पत्र	नि:शुल्क	यथाशक्य छिटो	मे.ई. वा काम गर्न तोकिएको कर्मचारी	डिभिजन प्रमुख वा मे.ई.